"पोषिलो खाना, शुद्ध पानी, साबुन पानीले हात धुने, चर्पी प्रयोग र फोहर ब्यबस्थापनको अपरिहार्यता, अमरगढी नगरपालिकाले गरेको छ, सबै नागरिकलाई अनिबार्यता "

# पोषण- पार्श्वचित्र

## अमरगढी नगरपालिका

## डडेलधुरा


पोषण तथा खाद्य सुरक्षा नेपाल

## १) स्थानिय तहका संक्षिप्त परिचयः

अमरगढी नगरपालिका नेपालको पुरानो प्रशासनिक विभाजनअनुसार सुदूर–पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत डडेल्धुरा जिल्लामा र हाल सुदूरपश्चिम प्रदेशमा पर्दछ । वि.सं २०५३ साल माघ ११ गते देशभरका नयाँ घोषणा भएका १५ नगरपालिकाहरूसँगै घोषणा भएको नगरपालिकामध्ये अमरगढी नगर– पालिका पनि एक हो । यस नगर–पालिकामा साविकका डोटीघटाल, सहश्रलिङ्ग, खलङ्गा, उग्रतारा र भूमिराज गा.वि.स. को समायोजन गरिएको छ । १३८.९५ वर्ग कि.मि. क्षेत्रफल रहेको यस अमरगढी नगर–पालिकाको उत्तर पश्चिममा अजयमेरु, नवदुर्गा गाउँपालिका र बैतडी जिल्ला, पश्चिमतिर भागेश्वर गाउँपालिका, दक्षिणमा आलिताल गाउँपालिका र पूर्वमा गन्यापधुरा गाउँपालिका रहेका छन् । अमरगढी नगरपालिकाको अधिकतम औसत तापक्रम २९ डिग्री सेल्सियस र न्यूनतम औसत तापक्रम ०.३ डिग्री सेल्सियससम्म रहने गरेको छ । प्राकृतिक श्रोतको दृष्टिकोणले सम्भावनायुक्त, मानवीय श्रोतको दृष्टिकोणबाट नेतृत्व क्षमतायुक्त, राजनैतिक दल र सचेत एवं उत्प्रेरित नगरबासी यस नगरपालिकाको दीगो विकासका आधार स्तम्भका रूपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म सांस्कृतिका व्यक्तिहरूको बसोबास रहेको छ । नगरपालिकाको केही भाग ऐतिहासिक तथा बजार क्षेत्रको रूपमा रहेको नगरपालिकामा साना व्यापार, तथा साना उद्योगहरू प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको वैकल्पिक श्रोतको रूपमा वैदेशिक रोजगारी पनि रहेको छ । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक कृषि प्रणालीको विकल्पमा समेत लागिरहेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि रहेको छ । अधिकांश घरमा विद्युतीकरण भएको भए तापनि केही सीमान्तकृत तथा भौगोलिक विकटता रहेका क्षेत्रमा भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । नयाँ बर्ष, कृष्णजन्माष्टमी, गौरा, तीज दशैँ, तिहार, ठूलो एकादशी, मकर संक्रान्ती, होली, महाशिवरात्रि, चैते दशै, रामनवमी, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाइन्छ ।

डडेल्धुरा जिल्लाको सदरमुकाम समेत रहेको अमरगढी नगरपालिका समुद्र सतहदेखि १८६० मिटर (६२०० फिट) को उचाइमा रहेको छ । नेपाल एकीकरणमा हस्ती मानिने राष्ट्रिय विभूती अमरसिंह थापाले पश्चिम क्षेत्रमा वीरतापूर्वक लडाई गरी सफलता हासिल गरेका थिए । यसै सिलसिलामा थापाले डोटेली फौजलाई पराजित गरेर डोटी राज्यलाई पनि विशाल नेपाल अधिराज्यमा गाभेपछि यस भू–भागको सुशासनलाई अझ थप सुदृढ र विस्तार गर्नको लागि अमरसिंह थापा यस क्षेत्रका प्रमुख प्रशासक भएर आएका थिए । उनले यसक्षेत्रको संरक्षण तथा महाकाली पारी काँगडासम्म पनि विजय अभियानलाई सफलता प्राप्त गर्नका लागि यस जिल्लाको सदरमुकाममा अमरगढी किल्लाको निर्माण गर्न लगाएका हुन् । यस किल्लालाई आधार मानी वरपरका क्षेत्रहरू पनि विजय हासिल गरेका हुन् भन्ने इतिहास छ । यस किल्लाको निर्माण विशाल बुट्टा कँुदिएका ढुङ्गाद्वारा कलात्मक तरिकाले गरिएको छ । शत्रुलाइ छल्ने तथा युद्धमा सफलता प्राप्त गर्नका लागि बाहिरबाट हेर्दा गोलो आकारमा रभित्रबाट तीनकुने आकारमा बनेको छ । किल्लाको बीच भागमा प्राचीन उग्रभैरव मन्दिर रहेकोले यस किल्लाको ऐतिहासिक, धार्मिक र सामाजिक महत्व रहेको छ । यसरी ऐतिहासिक र धार्मिक महत्व बोकेको अमरगढी किल्ला पर्यटकीय दृष्टिकोणले यस क्षेत्रकै विशिष्ट महत्व बोकेको क्षेत्र हो । यसै किल्लाको नामबाट अमरगढी नगरपालिकाको नामाकरण गरिएको हो ।

## २) भौगलिक अवस्थिति




## ३) अमरगढी नगरापालिका अन्तरगत रहेका विभिन्न बस्तिहरुको बिबरण

अमरगढी नगरपालिकामा क्रमश बस्तीहरूको विकास भई रहेको छ । नगरपालिकाको केन्द्रतिर बाटो, बजार तथा स–साना घरेलु उद्योग देखिए तापनि समग्रमा नगरपालिकाको सबै वडाहरूमा खानेपानी, विद्युत र यातायातजस्ता सेवा तथा सुविधाहरू पुगिसकेको छैन । नगरपालिकामा विकासका धैरै आयामहरूमा अभ्यास गर्न बाँकी देखिन्छ । अमरगढी नगरपालिकाको सबै वडाहरूमा सडक सञ्जालको राम्रो विकास भएको देखिदैन । सहज स्वास्थ्य सुविधा, सञ्चारजस्ता सुविधाहरूको पहुँच पुगेको देखिदैन । कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, भएको हुँदा साना घरेलु उद्योगधन्दाको साथै जडिबुटी प्रशोधनसम्बन्धी उद्योग विकास र विस्तारको

सम्भावना रहेको छ। अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित नगरपालिका योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ। नगरपालिका बासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा कार्यालयहरू, सम्बन्धित वडामै स्थापना गरी सेवा प्रवाह भई रहेका छन्। यसका अतिरिक्त अमरगढी नगरपालिकाले नगरपालिका विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरू, राजनैतिक पार्टीहरू, गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, टोल विकास संस्थाहरू, बुद्धिजिवीहरू, समाजका प्रतिष्ठित व्यक्तित्वहरू, व्यवसायिक संस्थाहरू, सञ्चारकर्मीहरू तथा योजना तर्जुमा टोली ९एबिललष्लन० आदिलाई समावेस गरी बढीभन्दा बढी छलफल गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरू तयार गर्नुपर्ने देखिन्छ। यस नगरपालिकामा रहेको मुख्य बस्तीसम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| वडा नं. | मुख्य बस्ती/गाउँ/टोलको नाम |
|---|---|
| १ | डोला, मनाना, मालम, दूधखण्ड, भेटा, मौरडा, दूधकाँणे, वण्ड, तडिवाटा, कुण, डकलखेत, धमलेक |
| | |
| २ | मौरडा, कुस्माली, भेल, मतरगाउँ,जुगिना, कारिगाउँ, जोईसिना, आईत , काँडे, मुणुवा, सेरा, चौडेलीकोट, डवरवाटा, विरखम |
| ३ | काँडे, हटगाउ, चम्साल, साउदगाउँ, तल्लो पीड, पथरोडा, रोडङ्गा, ढोलपोखरा, चिरकिट्टे, रजोडा, कोटेउडा, मड, मरकट्टे, गुजर्लेक, लरडा, दूधपोखरा |
| ४ | भलिया, हरडी, सुनेडा, मल्लो खलंगा, तल्लो खलंगा |
| ५ | झुरकाली, सेलागाउँ, जिलोडा, वागबजार, सिलिङधारा, तुफानडाँडा, किर्तिपुर |
| ६ | दुमडा, छचोडा, भालुमारे, कोटकाँणे, तोली |
| | |
| ७ | पोखरा वजार, भाटसिरोला, रौतगाउँ सल्लागाउँ, भटगाउँ, जोशीगाउँ कैनीटोल, ऐरीगाउँ, ओखरमुनि, बन्दनागाउँ |
| ८ | लटाउली, खनमडा, टाँटर, खुल्लेक, वकन्डे, कीर्तिपुर, गैरालगाउँ |
| ९ | हतर्क, पनौली, ढकाउली, निदालगाउँ, साउदगाउँ, लट्सेरा, रोखलगाउँ, चमाल्लेक, ढाँटगाउँ |

### ४) स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरूको

यस अमरगढी नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाति र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा नयाँबर्ष (विशु), बडादशैं, तिहार, रामनवमी, महाशिवरात्रि, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, गौरा, विवाह पञ्चमी, होली, चैते दशैं, साउने–माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, बुद्धजयन्ती, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, असारे १५ आदि चाडपर्वहरू रहेका छन् । यस नगरपालिकामा मनाइने स्थानीय चाडपर्व, जात्रा तथा मेलासम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**चाडपर्व जात्रा तथा मेलासम्बन्धी विवरण**

| क्र.स | नाम | स्थान | महिना | तिथि | मनाउने जातजाति |
|---|---|---|---|---|---|
| १ | उग्रतारा भगवती मेला | ०८ मन्दिरमा | चैत्र र कार्तिक | अष्टमी शुक्ल पूर्णिमा | सबै |
| २ | घटाल धार्मिक मेला | ०३ | बैशाख, असोज र कार्तिक | नयाँ वर्ष र दशमी कार्तिक शुक्ल पुर्णिमा | सबै |
| ३ | नयाँ वर्ष (विशुपर्व) | सबै वडामा | बैशाख संक्रान्ती | – | सबै |
| ४ | गौरा पर्व | सबै वडामा | भाद्र | कृष्णअष्टमी | सबै |
| ५ | तिज | सबै वडामा | भाद्र | तृतिया | सबै |
| ६ | वन्ढुनी पर्व | सबै वडामा | असोज संक्रान्ती | – | सबै |
| ७ | दशै | सबै वडामा | असोज | दशमी | सबै |
| ८ | तिहार | सबै वडामा | असोज कार्तिक | द्वितिया | सबै |
| ९ | माघी पर्व | सबै वडामा | माघ | संक्रान्ती | सबै |
| १० | होली | सबै वडामा | फागुन | शुक्ल पूर्णिमा | सबै |
| ११ | शिवरात्रि | सबै वडामा | फागुन | त्रयोदशी | सबै |

स्रोतः अमरगढी नगरपालिकाको कार्यालय, २०७४

### ५) वडागत परिवार सङ्ख्या तथा लिङ्गको आधारमा जनसङ्ख्याको विवरण

२०७५ सालमा अमरगढी नगरपालिकामा सम्पन्न गरिएको परिवार तथ्याङ्क सङ्कलनबाट प्राप्त तथ्याङ्क अनुसार एघार वटा वडाको कुल १३९.३३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस

नगरपालिकामा ४,७५२ परिवारमा कुल २४,७९२ जनसङ्ख्या (स्रोतः राष्ट्रिय जनगणना २०७८) रहेको छ। तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसङ्ख्या भने कम अर्थात् ९६.३३ देखिन्छ। यद्यपि यो अन्तर त्यति ठूलो भने होइन। अर्कोतर्फ प्रति वर्ग किलोमिटर क्षेत्रफलमा १६१ जनाको दरमा जनघनत्व रहेको देखिन्छ। अर्थात् नगरपालिकाको कुल क्षेत्रफलले कुल जनसङ्ख्यालाई भाग गर्दा प्रति वर्ग किलोमिटर क्षेत्रफलमा १६१ जनसङ्ख्या पर्न आउँछ। परिवार सङ्ख्या, जनसङ्ख्या, जनघनत्व हिसाबले वडा नं. ५ सबैभन्दा ठूलो वडा भए तापनि क्षेत्रफलको हिसाबमा सबैभन्दा ठूलो वडाको रूपमा वडा नं. ३ रहेको छ। यसैगरी जनसङ्ख्यार परिवारका हिसाबले वडा नं. ४ मा सबैभन्दा कम जनसङ्ख्या र परिवार देखिन्छ भने क्षेत्रफलको हिसाबले वडा नं. ११ सबैभन्दा सानो वडा रहेको छ जनघनत्वको हिसाबले वडा नं. ५ सबैभन्दा बढी जनघनत्व भएको वडा हुनुका पछाडि अन्य वडाहरूको तुलनामा वडा नं. ५ मा रहेका विभिन्न मानवीय सुविधाहरू जस्तैः– यातायातको सुगमता, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदिको सघनता हो। तसर्थ योजना निर्माणमा जनघनत्व र त्यसलाई प्रत्यक्ष प्रभाव पार्ने तत्वहरूको अध्ययन गर्नु अर्थात् जनसङ्ख्या वितरणलाई सन्तुलनमा राख्न मानवीय सुविधाहरूलाई सन्तुलितरूपमा वितरण गर्ने विषयमा केन्द्रित हुनुपर्दछ। अर्कोतर्फ पुरुषको तुलनामा महिलाको जनसङ्ख्या बढी हुनु समेत जनसाङ्ख्यिक विश्लेषणको महत्वपूर्ण पाटो हो। सामान्यतया नेपाली सामाजिक संरचना र परम्परालाई हेर्दा पितृसत्तात्मक स्वरूपको समाजमा छोराको चाहना पूरा गर्ने मनोविज्ञानका कारण छोरीहरूको सङ्ख्या अप्रत्यक्ष ढङ्गले बढेको देखिन्छ। अर्कोतर्फ महिलाहरूको सङ्ख्या बढ्दा उनीहरूका विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्ने योजनाहरू राज्यद्वारा निर्माण हुनु आवश्यक देखिन्छ। साथै लैङ्गिक अनुपातमा रहेको अन्तर वृद्धि हुँदै जाँदा त्यसले सामाजिक

स्वरूपमा नै लैङ्गिक हिसाबले परिवर्तित गरिदिन्छ। यसतर्फ समग्र समाजको ध्यान जानु आवश्यक छ। थप वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रेक्षपण गरेको जनसंख्या**

| सि न | जम्मा जनसङ्ख्या | ० देखि २३ महिना उमेर समुह | ० देखि ५९ महिना उमेर समुह | प्रजनन उमेर समुहका महिलाहरु | अनुमानित जिवित जन्म संख्या | अनुमानित गर्भवति | किसोरकिसोरीहरुको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ४०२६ | १३१ | ३२६ | १०७६ | ५७ | ७३ | ५५९ |
| २ | २१७७ | ७१ | १७६ | ६८० | ३५ | ४६ | ३६४ |
| ३ | १७०९ | ५६ | १३८ | ४६१ | २४ | ३१ | २५२ |
| ४ | १७७० | ५८ | १४३ | ५२५ | २७ | ३५ | २८१ |
| ५ | ५८३० | १९१ | ४७२ | १६०९ | ८५ | १०९ | १०५१ |
| ६ | १५५६ | ५१ | १२६ | ४७३ | २५ | ३२ | २४५ |
| ७ | २३४६ | ७६ | १९० | ७०३ | ३७ | ४८ | ३६९ |
| ८ | १९८५ | ६५ | १६१ | ५९७ | ३१ | ४० | ३४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | १२९३ | ४२ | १०४ | ४४७ | २४ | ३० | २१९ |
| १० | १२४२ | ४१ | १०० | ४१८ | २२ | २८ | १९९ |
| ११ | १३८५ | ४५ | ११३ | ५०७ | २७ | ३४ | २२९ |
| **जम्मा** | **२५३१९** | **८२७** | **२०४९** | **७४९६** | **३९४** | **५०६** | **४१०८** |

## ६) बहुक्षेत्रिय पोषण सम्बन्धित जनशक्ति

| **सिन** | **नाम थर** | **पद** | **सम्पर्क नम्बर** |
|---|---|---|---|
| १ | डिल्ली राज जोशी | नगर प्रमुख | ९८४१३१४२९४ |
| २ | पार्वती झुकाल | नगर उप प्रमुख | ९८४८९८३३३३ |
| ४ | लक्ष्मी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ९८५८७७७०४७ |
| ५ | गणेश बहादुर बिष्ट | सम्पर्क व्यक्ति, स्वास्थ्य शाखा | ९८५८७५१७५१ |
| ६ | महावीर साँकी | सम्पर्क व्यक्ति, पशुपन्छी विकास शाखा | ९८४८८०२७०२ |
| ७ | रमेश भण्डारी | सम्पर्क व्यक्ति, कृषि विकास शाखा | ९८५११३०६८० |
| ८ | इन्द्रा रावल | सम्पर्क व्यक्ति, महिला तथा बालबालिका शाखा | ९८६८५५४५३५ |
| ९ | लाल ब साउँद | सम्पर्क व्यक्ति, खानेपानी तथा सरसफाइ शाखा | ९८४८८०२६३२ |
| १० | हेमन्त राज पन्त | सम्पर्क व्यक्ति, शिक्षा शाखा | ९८४८७२८०३२ |
| | मीनराज ओझा | शासकीय प्रबन्ध | ९८४१९३३९१९ |

## ७) बहुक्षेत्रीय पोषण योजना सम्बन्धी संरचना

| **सिन** | **समितिको नाम** | **सदस्य संख्या** | |
|---|---|---|---|
| | | **महिला** | **पुरुष** |
| १ | स्थानीय तह स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति | ७ | २१ |
| २ | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति | ३ | ७ |

## ८) स्थानीय तहमा क्षेत्रगत शाखाहरुको विवरण

| **क्रं.सं.** | **शाखा** | **भए नभएको** | **शाखामा कार्यरत कर्मचारी संख्या** | **कैफियत** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | स्वास्थ्य | भएको | ५२ | |
| २ | कृषि विकास | भएको | ४ | |
| ३ | पशु विकास | भएको | ४ | |
| ४ | महिला तथा बालबालिका | भएको | १ | |
| ५ | खानेपानी तथा सरसफाइ | भएको | १ | |
| ६ | शिक्षा | भएको | २ | |
| ७ | शासकीय प्रबन्ध | भएको | २ | |

## ९) पोषण तथा स्वास्थ्य अवस्था

**९.१)** स्थानीय तहमा पाँच वर्ष मूनिका बालबालिकाहरुको पोषण अवस्था

| **क्रं.सं.** | **विवरण** | **बालबालिका संख्या** | **कैफियत** | |
|---|---|---|---|---|
| | | **अति सिघ्र कुपोषित बालबालिका संख्या** | **मध्यम कुपोषित बालबालिकाको सँख्या** | **सामान्य** |
| १ | बृद्धि अनुगमन गरिएका ०-२३ महिना सम्मका बालबालिकाहरुको संख्या | ६ | १७ | ९८८ |
| २ | MUAC को माध्यमद्वारा महिला स्वास्थ्य स्वयंसेविकाबाट पाखुराको मध्यविन्दुको नाप (६ महिना देखि ५ बर्षमुनिका) | १३ | १०५ | ५५२० |

स्रोतः एच.एम.आई.एस प्रतिबेदन आ.ब. २०७८/७९

## ९.२) स्थानीय तहको स्वास्थ्य सम्बन्धी सूचकहरुको अवस्था

| **विवरण तथा सुचकहरू** | **अवस्था** |
|---|---|
| औषत बृद्धि अनुगमन | ८.३ |
| बृद्धि अनुगमन गरिएका मध्ये कम तौल | २.३ |
| ६ महिना सम्म स्तनपान मात्र गर्ने वालवालिका | ८०.५ प्रतिशत |
| १८० स्याचेट बालभिटा खाने वालवालिका | २४ प्रतशित |
| चारपटक गर्भजाँच गर्ने महिलाहरुको संख्या | १०० प्रतिशत |
| प्रोटोकल अनुसार सुत्केरी जाँच गराउने | ८१ प्रतिशत |

स्रोतः एच.एम.आइ.एस. प्रतिबेदन आ.ब. २०७८/७९

## ९.३) खानेपानी तथा सरसफाई र अन्य पोषणका पुर्वाधारको अवस्था

| | |
|---|---|
| घरमा फिल्टर भएका घरधुरी | १६ % |
| पानि उमाल्ने जग तथा केतलि भएका घरधुरी | १९ % |
| पानि शुद्धिकरणका अन्य साधन प्रयोग गर्ने घरधुरी | १९% |
| फोहर फाल्ने खाडल भएका घरधुरी | २१% |
| सुधारिएको च्यागं तथा जुठ्यान भएका घरधुरी | २० % |
| आधुनिक चुलो भएका घरधुरी | ५ % |
| पशु मलमुत्र को राम्रो ब्यबस्थापन भएका घरधुरी | २% |
| घरवरिपरिको वातावरण सफा भएका घरधुरी | ७७% |
| करेसाबारी भएका घरधुरी | ४१% |
| कुखुरा पालन गरेका घरधुरी | ८% |
| दुध दिने गाइ भैसि पालन गरेका घरधुरी | ५४% |
| कुखुरा नपाले पनि खानका लागि घरमा अण्डा उपलब्ध भएका घरधुरी | ६२% |
| गाइ भैसि नभएका तर खानका लागि घरमा दुध उपलब्ध भएका घरधुरी | ५५% |
| घरैमा वा बाटोमा सुत्केरी हुने आमा हरुको प्रतिशत | ५ % |
| गर्भअवधिको ९ महिनामा ५ पटक भन्दा बढि आमा समुहको बैठकमा सहभागि | १४% |
| कहिल्यै आमा समुहको बैठकमा नजाने आमाहरु | २९% |
| ३ पटक उत्तर प्रसुति जाँच गर्ने आमाको संख्या | १३% |
| गर्भाअवस्थामा स्वास्थ्यकर्मिले घरमै गएर भेटेको | १९% |
| नियमित पोषिलो खाना(सागपात, फलफुल, दाल, अण्डा, मासु) सधैँ खाने सुनौला १००० दिने आमा | ३३% |
| बद्धि अनुगमनका लागि प्रत्येक महिना नियमित बच्चालाई तौलने आमा | ७% |

स्रोतः स्वास्थ्य तथा पोषण सम्बन्धि आधारभुत सर्बेक्षण २०७६

## ९.४) खानेपानीको गुणस्तर जाँचको नतिजा

| क्र.सं. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पानिको गुणस्तर जाँचका लागि लिइएका जम्मा नमुना संख्या | **१७४** | १००% |
| २ | पानिमा इकोलि पाइएको नमुना संख्या | **१४२** | ८२% |

| वडा नं | घरधुरी संख्या | खानेपानी उपलब्ध भएको घरधुरी संख्या | शौचालय नभएको घरधुरी संख्या | शौचालय भएको घरधुरी संख्या | सार्वजनिक शौचालय | | पानीको शुद्धता परिक्षण भएको भए कस्तो अवस्था छ ? (पिउन योग्य, दुषित, आर्सनिकयुक्त) |
|---|---|---|---|---|---|---|---|
| | | | | | संख्या | रहेको स्थान | |

| | | | | | | | नमुना घरधुरी संख्या | नतिजा (पानीमा इकोली) |
|---|---|---|---|---|---|---|---|---|
| १ | | ५१९ | ८ | ५११ | १ | स्याउले | १७ | १४ (८२%) |
| २ | | ३९८ | १४ | ३८४ | - | | १६ | १५(९५%) |
| ३ | | ३३५ | १० | ३२५ | - | | १८ | १६ (८९%) |
| ४ | | २८० | | २८० | १ | टुंडिखेल | ६ | ५( ८३%) |
| ५ | | १०६१ | १४ | १०४७ | २ | बागबजार र किर्तिपुर | १२ | १०(८३%) |
| ६ | | ३१९ | ७ | ३१२ | - | | १८ | १३(७२%) |
| ७ | | ४७९ | ११ | ४६८ | - | | १८ | १२(७५%) |
| ८ | | २९१ | २ | २८९ | - | | १६ | १४(८८%) |
| ९ | | ३४७ | १७ | ३३० | - | | १८ | १५(८३%) |
| १० | | ३६३ | १३ | ३५० | - | | १९ | १५(७९%) |
| ११ | | ४७५ | १० | ४६५ | १ | सल्लाघारी | १६ | १३(८१%) |
| जम्मा | | ४८६७ | १०६ | ४७६१ | ५ | | १७४ | १४२(८२%) |

स्रोतः खानेपानीको गुणस्तर जाँच अभियान २०७८, अमरगढी न.पा.

### ९.५) स्थानीय तहमा वडा अनुसार स्वास्थ्य संस्थाको अवस्था

| क्र.स | स्वास्थ्य संस्थाको नाम (अस्पताल, प्राथमिक, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, आयुर्वेद केन्द्र, गाउँ घर क्लिनिक, खोप केन्द्र, नर्सिग होम, स्वास्थ क्लिनिक अन्य (खुलाउनुहोस्) | स्वास्थ्य संस्थाको प्रकार (सरकारी, निजी, सहकारी तथा अन्य | संस्था रहेको स्थान | वडा कभरेज | घरघुरी कभरेज | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | आ.स्वा.के. स्याउले | सरकारी | स्याउले | १ | ५३३ | २७६८ |
| २. | आ.स्वा.के. बिरखम | | बिरखम | २ | ३३५ | २१६२ |
| ३. | घटाल स्वा.चौकी | | घटाल | ३ | २३८ | २०१४ |
| ४. | आ.स्वा.के.भलिया | | सुनेडा | ४ | २९५ | १६७६ |
| ५. | डडेल्धुरा अस्पताल | | तुफानडाडा | १-११ | ३८५७ | २४९३७ |
| ६. | चिरन्जीवी पोलिक्लिनिक | निजि | बगरकोट रोड | १-११ | ३८५७ | २४९३७ |
| ७. | आ.स्वा.के भाजनेउडा | | भाजन्पुर | ६ | २२४ | १७१० |
| ८. | उग्रतारा स्वा.चौकी | | पोखरा | ७ | ४३१ | २६२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | आ.स्वा.के. डकले | | डकले | ८ | ३०४ | २४५१ |
| १०. | भूमिराज स्वा.चौकी | | हतर्क | ९ | ३२९ | १६८९ |
| ११. | सहर्सलिंग स्वा.चौकी | | राइ | १० | २८९ | १३८५ |
| १२. | आ.स्वा.के, सल्लाघारी | | सल्लाघारी | ११ | ३१५ | १६१९ |
| १३. | जिल्ला आयुर्वेदिक अस्पताल | | किर्तिपुर | १-११ | ३८५७ | २४९३७ |

स्रोतः अमरगढी न पा स्वास्थ्य शाखा

## १०) शैक्षिक अवस्था

### १०.१) स्थानीय तह भित्र रहेका विद्यालय तथा शैक्षिक संस्था केन्द्रहरुको विवरण

| क्र.स | विधालयको नाम | ठेगाना | विध्यार्थीको संख्या | छात्रा/छात्रका लागि भिन्दाभिन्दै शौचालय भए/नभएको | | Incineration ब्यबस्थापन भए/नभएको |
|---|---|---|---|---|---|---|
| १ | शैलेश्वर महादेव प्रा.वि. | अमरगढी-७, तिलाड़ी | ७० | | | |
| २ | जनज्योती प्रा.वि. | अमरगढी-२, आदित्यपुर | ५८ | भएको | १ | |
| ३ | महेश्वरी प्रा.वि. | अमरगढी-९ निदालगाउँ | १०५ | | | |
| ४ | कैलाश प्रा.वि. | अमरगढी-६, भक्तपुर | २६ | | | |
| ५ | गणेशमान स्मृति प्रा.वि. | अमरगढी-६ दुमाडा | १८३ | | | |
| ६ | असिग्राम आ.वि. | अमरगढी-११, लिटिरगाउँ | २९३ | | | |
| ७ | आदर्श मणिलेक प्रा.वि. | अमरगढी-९, लटसेरा | १७९ | | | |
| ८ | सिद्धनाथ आ.वि. | अमरगढी-३ चिरकिट्टे | ८१ | भएको | १ | |
| ९ | लटेश्वर आ.वि. | अमरगढी-१, मालम | ३५५ | भएको | ५ | |
| १० | सरस्वति आ.वि. | अमरगढी-१, फिन्नेकोट | २२४ | भएको | २ | |
| ११ | शम्भुनाथ आ.वि. | अमरगढी-६, छचोडा | ३६१ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | भूमिराज प्रा.वि | अमरगढी-८, बागचौर | १३८ | भएको | २ | |
| १३ | निलकण्ठ आ.वि. | अमरगढी-३, लरडा | १२६ | भएको | १ | |
| १४ | आसिग्राम प्रा.वि. | अमरगढी-४, सुनेडा | २३ | भएको | १ | |
| १५ | वैजनाथ आ.वि | अमरगढी-४, भलिया | १०१ | भएको | २ | |
| १६ | त्रिपुरासुन्दरी आ.वि. | अमरगढी-२, बिरखम्ब | १५७ | | | |
| १७ | जनसेवा प्रा.वि. | अमरगढी-३, पथरोडा | ५५ | भएको | २ | |
| १८ | अशिग्राम प्रा.वि. | अमरगढी-५, सल्लेगाउ | ११० | | | |
| १९ | भूमिराज मा.वि. | अमरगढी-१, शान्तिनगर, ढुन्ढुने | ५५० | | | |
| २० | भागेश्वर मा.वि. | अमरगढी-८, टाँटर | ५६० | भएको | २ | |
| २१ | बैजनाथ मा.वि. | अमरगढी-२, मौरडा | ८३३ | | | |
| २२ | उग्रतारा मा.वि. | अमरगढी-७, पोखरा | ५७६ | भएको | २ | |
| २३ | सहश्रलींग मा.वि. | अमरगढी-१०, राई | ५९७ | भएको | १ | |
| २४ | घटाल मा.वि. | अमरगढी-३, नुवाकोट | ५४१ | भएको | ३ | |
| २५ | महेन्द्र मा.वि. | अमरगढी-५, खलंगा | १७ | भएको | २ | |
| २६ | उग्रतारा वेद विद्दाश्रम आ.वि. | अमरगढी-८, उग्रतारा | २६ | | | |
| जम्मा विद्यार्थि संख्या | | | ६३४५ | | ६३४५ | |

**अमरगढी नगरपालिका अनतर्गत संचालित संस्थागत विद्यालयहरु:**

| क्र.स | विधालयको नाम | ठेगना | छात्रा/छात्रका लागि भिन्दाभिन्दै शौचालय भए/नभएको | | Incineration ब्यबस्थापन भए/नभएको | किशोरीहरुको लागि आइरन चक्की वितरण हुने गरेको छ/छैन |
|---|---|---|---|---|---|---|
| १ | बाल बिद्दानिकेतन इ.बो.स्कुल | अमरगढी-६, दमुडा | भएको | १ | | |
| २ | भगवती इ.बो.स्कुल | अमरगढी-८ क्रितिपुर | भएको | १ | | |
| ३ | माउन्टेन इ.बो.स्कुल | अमरगढी-५, बागबजार | भएको | ५ र ५ | | |
| ४ | मोडर्न इ.बो.स्कुल | अमरगढी-१, दह | भएको | २ | | |
| ५ | ज्ञानोदय विद्धा निकेतन | अमरगढी-५, तुफानडाडा | भएको | ५ र ५ | | |
| ६ | लोटस इ.बो.स्कुल | अमरगढी-११, सल्लाघारी | भएको | १ र १ | | |
| ७ | ब्राइट फ्युचर एकेडेमी | अमरगढी-३ नुवाकोट | भएको | २ | | |
| ८ | क्याम्ब्रिज पब्लिक स्कुल | अमरगढी-५ डडेलधुरा | भएको | १ | | |
| ९ | पोखरा विलिभर्स स्कुल | अमरगढी-७ पोखरा | भएको | १ | | |
| १० | अजयमेरु इ.बो.स्कुल | अमरगढी-५ डडेलधुरा | | | | |
| ११ | पानसिया एकेडेमी | अमरगढी-५ डडेलधुरा | भएको | २ | | |
| १२ | जनप्रिय इ.बो.स्कुल | अमरगढी-५ डडेलधुरा | भएको | २ | | |
| १३ | आइन्स्टाइन स्कुल | अमरगढी-५ डडेलधुरा | | | | |
| नोट: एकीकृत शैक्षिक ब्यबस्थापन सूचना प्रणाली (IEMIS) मा आबद्ध नभएका संस्थागत बिद्यालयहरुको विवरण उल्लेख नगरिएको . | | | | | | |

**प्राविधिक धार संचालित बिधालयहरु**

| क्र.स | बिधालयको नाम | ठेगाना | प्राविधिक धार | संचालित तह |
|---|---|---|---|---|
| १ | महेन्द्र मा.वि. | खलंगा | सिभिल इन्जिनियरिङ | माध्यमिक (९-१२) |
| २ | बैजनाथ मा.वि. | मौरडा | बालिबिज्ञान | डिप्लोमा ३ बर्षे |

| | | | | |
|---|---|---|---|---|
| ३ | घटाल मा.बि | नुवाकोट | बालिबिज्ञान | डिप्लोमा ३ बर्षे |
| ४ | भागेश्वर मा.वि | टाँटर | बालिबिज्ञान | डिप्लोमा ३ बर्षे |

### उच्च शिक्षा दिने क्याम्पसहरु

| क्र.स | क्याम्पसको नाम | ठेगाना | संचालित तह |
|---|---|---|---|
| १ | डडेल्धुरा बहुमुखी क्याम्पस | अमरगढी-५ डडेल्धुरा | स्नातक र स्नातकोत्तर |
| २ | भीमदत्त बहुमुखी क्याम्पस | अमरगढी-५ डडेल्धुरा | स्नातक |
| ३ | माउन्टेन बहुमुखी क्याम्पस | अमरगढी-५ डडेल्धुरा | स्नातक |

### सामुदायीक सिकाई केन्द्रहरुको विवरण

| क्र.स | सामुदायीक सिकाई केन्द्र | ठेगाना |
|---|---|---|
| १ | पोखरा सामुदायीक सिकाई केन्द्र | अमरगढी-०७ |
| २ | घटाल सामुदायीक सिकाई केन्द्र | अमरगढी-०३ |
| ३ | अमरगढी सामुदायीक सिकाई केन्द्र | अमरगढी-१० |
| ४ | सहस्रलिग सामुदायीक सिकाई केन्द्र | अमरगढी-०१ |
| ५ | त्रिपुरासुन्दरी सामुदायीक सिकाई केन्द्र | अमरगढी-०२ |

### ११) कृषि विकासको अवस्था

| क.सं | विवरण | |
|---|---|---|
| १ | कुल क्षेत्रफल | १३८.९५ वर्ग कि.मी |
| २ | कृषि योग्य भुमि | ३२५६.५८ हेक्टर |
| ३ | वन जंगलले ढाकेको | ६५९७ हेक्टर |
| ४ | चरण क्षेत्र | ३३९३ हेक्टर |
| ५ | असिंचीत क्षेत्र | मुहान, खोला |
| ६ | कृषि पेशामा निर्भर जनसंख्या | ६०.४%(१२७४७) |
| ७ | प्रति कृषक परिवार खेतियोग्य जग्गा उपलब्धता | ३.०६ रोपनी औसत |

12) **पशुविकासको अवस्था**

**बालीको विवरण**

| क्र.सं. | विवरण | उत्पादन (मे.टन.) |
|---|---|---|
| १ | अन्नजन्य | |
| १.१ | धान | ३.५/हेक्टर |
| १.२ | मकै | ४/हेक्टर |
| १.३ | गँहु | २.५/हेक्टर |
| १.४ | जौ | २/हेक्टर |
| १.५ | कोदो] | २.५/हेक्टर |
| २ | **तेलहन** | |
| २.१ | तोरी | ०.९/हेक्टर |
| ३ | **दलहन** | |
| ३.१ | मसुरो | १.४/हेक्टर |
| ३.२ | चना | १.२/हेक्टर |
| ३.४ | भटमास | १.२/हेक्टर |
| ३.६ | राजमा | १.८९/हेक्टर |
| ३.७ | मास | ०.८८/हेक्टर |
| ३.८ | गहत | ०.१/हेक्टर |

**पशुपन्छी जन्य उत्पादन/ वार्षिक ०७८/०७९ पशुपन्छी विकास शाखा ( वार्षिक)**

| **क्र.स** | **विवरण** | **उत्पादन(परिमाण)** |
|---|---|---|
| १ | दुध | ७२,००,००० लिटरमा |
| २. | मासु | २,००,००० के.जी. |
| ३. | खसी/बोका | १६,९५० गोटा |
| ४. | राँगो | २७० |
| ५. | कुखुरा | ८०,००० |
| ६. | बंगुर | ३५१ |
| ७. | अन्डा( कुखुरा/ हाँस) | १,००,००० |

| पोषणका पुर्वाधारको अवस्था (प्रतिशतमा) | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं.८ | वडा नं. ९ | वडा नं.१० | वडा नं.११ | नगरपालिका जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| करेसाबारी भएका घरधुरी | ७४ | ३३ | ४९ | २७ | २६ | ४६ | ४७ | ३४ | २९ | ३६ | ५३ | ४१ |
| कुखुरा पालन गरेका घरधुरी | ५ | ३ | ९ | १७ | १० | ७ | ९ | ६ | २ | १३ | ८ | ८ |
| दुध दिने गाइ भैसि पालन गरेका घरधुरी | ६२ | ७५ | ७९ | ४७ | ३० | ५४ | ४५ | ५७ | ६० | ४२ | ४६ | ५४ |
| खानका लागि घरमा अण्डा उपलब्ध भएका घरधुरी | ९७ | ६० | ५९ | ७१ | ९१ | ६० | ३१ | ५० | ३४ | ४७ | ७९ | ६२ |
| गाइ भैसि नभएका तर खानका लागि घरमा दुध उपलब्ध भएका घरधुरी | ९६ | २० | ३४ | ६० | ९५ | ६८ | ४९ | ३८ | २० | ५१ | ७३ | ५५ |

स्रोतः स्वास्थ्य तथा पोषण सम्बन्धि आधारभुत सर्बेक्षण २०७६